

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर १३ गते मंगलबार ❑ 29 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## मुख्यमन्त्रीसमक्ष कारागार अनुगमन प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले कारागार अनुगमन प्रतिवेदन पेस गर्नुभएको छ ।

प्रदेशभित्रका हिरासत थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदीउपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सोसम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने व्यवस्थाअनुसार मुख्य न्यायाधिवक्ता बास्तोलासहितको समूहले कारागार अनुगमन गरेको थियो ।

विभिन्न जिल्लास्थित हिरासत कक्ष र कारागार अनुगमन गरी त्यहाँको भौतिक संरचना, थुनुवा तथा कैदीबन्दीहरूको सङ्ख्या, स्थिति, स्रोत साधनको उपलब्धता तथा अन्य समस्याका बारेमा छलफल गरी प्रतिवेदन तयार पारिएको बास्तोलाले बताउनुभयो ।

अघिल्लो वर्ष उक्त कार्यालयले गोरखा, बागलुङ र कास्की जिलाका हिरासत तथा कारागार अनुगमनको प्रतिवेदन बुझाएको थियो । चालु आवमा तनहुँ, लमजुङ, म्याग्दी र मुस्ताङ जिल्लाका हिरासत तथा कारागार र कास्कीको सराङकोटस्थित बाल सुधारगृह निरीक्षणको प्रतिवेदन बुझाइएको हो । कारागारहरूमा साँघुरो संरचनामा धेरै कैदीबन्दी राखिएको, स्वास्थ्यकर्मीको पदपूर्ति नगरिएको, आवतजावतका लागि गाडी अभाव रहेको प्रतिवेदनमा उल्लेख छ । अदालती प्रक्रियाका बारेमा कैदीबन्दीको अलि बढी गुनासो छ । मनोरञ्जनका लागि कुनै व्यवस्था नरहेको, पुस्तकालयमा पत्रपत्रिका र पुस्तक उपलब्ध नरहेको, शौचालय पर्याप्त नहुनाका साथै कमजोर सरसफाइ रहेको प्रतिवेदनमा उल्लेख छ । समयानुकूल सिदाखर्च नपाएको, कैदीबन्दीलाई मुढा बुन्नेबाहेक अन्य सीपमूलक तालिमको उचित व्यवस्था नभएको गुनासो आएको मुख्य न्यायाधिवक्ता बास्तोलाले बताउनुभयो । मुख्यमन्त्री पोखरेलले मेहनतका साथ कारागार अनुगमन गरी प्रतिवेदन बुझाइएको बताउँदै देखिएका समस्या समाधानमा प्रदेश सरकारले सक्दो प्रयास गर्ने बताउनुभयो ।

## एमाले कास्कीद्वारा मतदाता तथा शुभेच्छुकहरुमा धन्यवाद व्यक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीले यही मंसिर ४ गते सम्पन्न निर्वाचनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागि सम्पुर्णलाई धन्यवाद व्यक्त गरेको छ ।

एमाले कास्कीका कार्यवाहक अध्यक्ष तथा नेकपा (एमाले) निर्वाचन परिचालन कमिटी कास्कीका संयोजक तेजनारायण अधिकारीले सोमवार एक विज्ञप्ती जारी गर्दै प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा नेकपा एमाले) का सूर्यध्वजावाहक उम्मेदवार हरुलाई अत्याधिक मत दिई विजयी गराउने कस्केली मतदाता, पार्टीका नेता, कार्यकर्ता, समर्थक एवं शुभेच्छुकहरुलाई हार्दिक आभार सहित धन्यवाद दिएका हुन् । विज्ञप्तीमा सत्ता गठबन्धनको हरेक खालको तिकडम राज्य सत्ताको दुरुपयोग समेतलाई परास्त गरी विजयी हुने नेकपा (एमाले)का सुर्यध्वजावाहक उम्मेदवारहरुमा बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ । निर्वाचनको प्राप्त परिणाम अनुसार कास्की जिल्लामा प्रतिनिधि सभामा क्षेत्र नम्बर १ बाट मनबहादुर गुरुङ, २ बाट विद्या भट्टराई र ३ बाट दामोदर पौडेल 'बैरागी', साथै प्रदेश सभामा क्षेत्र नम्बर १ (१) बाट खगराज अधिकारी, १(२) बाट वेदबहादुर गुरुङ 'श्याम', क्षेत्र नम्बर २(१) बाट भिम बहादुर कार्की र क्षेत्र नम्बर ३(१) बाट गणेशमान गुरुङ अत्याधिक मतले विजयी भएका भएका छन् ।

एमाले कास्कीका कार्यवाहक अध्यक्ष अधिकारीले कास्की जिल्लामा प्रतिनिधि सभाको ३ वटा निर्वाचन क्षेत्र र प्रदेश सभाको ६ वटा निर्वाचन क्षेत्रमा सूर्यध्वजावाहक उम्मेदवारहरुलाई विजयी गराउन सिङ्गो पार्टी पंक्ति प्रभावकारी रुपमा क्रियाशिल र परिचालित रहदा रहदै पनि प्रदेश सभा क्षेत्र नम्बर २(२) र ३(२) मा अपेक्षाकृत मत परिणाम प्राप्त गर्न नसकेको बताएका छन् । तर कस्केली मतदाताहरुको अपार माया, ममता र विश्वास नेकपा (एमाले) प्रति रहेकै कारण प्रतिनिधि सभाको तीनवटा निर्वाचन क्षेत्र र प्रदेश सभाको ६ वटा निर्वाचन क्षेत्रमा पार्टीले लोकप्रिय मत प्राप्त गरेको अधिकारीले विज्ञप्तीमा उल्लेख गरेका छन् ।

'कास्की जिल्लामा नेकपा (एमाले) पहिलो पार्टी बन्न पुगेको छ । विज्ञप्तीमा भनिएको छ-' कस्केली जनताको माया, ममता र मतदाताहरुको पुर्ण विश्वास नेकपा (एमाले) प्रति रहेको पुन प्रमाणित भएको छ ।' साथै प्रतिनिधि सभा र प्रदेश सभाको यस निर्वाचनमा जनताले दिएको मतादेशले राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र र देशको समृद्धिका लागि सिंगो एमाले पक्तिलाई अझै प्रतिबद्ध भएर अगाडि बढ्ने प्रेरणा मिलेको विज्ञप्तीमा जनाईएको छ ।

यसैबिच शान्तिपुर्ण रुपमा निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने निर्वाचन आयोग, मतदानमा खटिएका सम्पुर्ण कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, सञ्चार माध्यम लगायत सम्पुर्णमा एमाले कास्कीले हार्दिक धन्यवाद एवं आभार व्यक्त गरेको छ ।

## गठबन्धनकै सरकार बनाउनेबारे तीन शीर्ष नेताबीच छलफल

**रासस**
**काठमाडौं, १२ मंसिर**

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा पुगेका बेला पाँच दलीय सत्ता गठबन्धनका शीर्ष नेताबीच भेटवार्ता र छलफल सुरु भएको छ ।

प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच आज नयाँ सरकार गठनबारे छलफल भएको छ । प्रधानमन्त्री देउवासँग भएको छुट्टाछुट्टै भेटमा अध्यक्षद्वय दाहाल र नेपालले पाँच दलीय गठबन्धनलाई अझै थप बलियो बनाइ गठबन्धनकै नेतृत्वमा आगामी सरकार गठन गर्नुपर्ने विषयमा छलफल गर्नुभएको प्रधानमन्त्री देउवाका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिनुभयो ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा उहाँहरूबीच नयाँ सरकार गठन, राष्ट्रपतिलगायत 'पावर शेयरिङ' गर्नुपर्ने बारेमा समेत छलफल भएको थियो । गठबन्धन दायाँबायाँ नगरी एकमतका साथ अघि बढ्नुपर्ने तीन शीर्ष नेताको निष्कर्ष रहेको प्रेस प्रमुख परियारले बताउनुभयो । निर्वाचनपछि पहिलो पटक प्रधानमन्त्री देउवा र अध्यक्ष नेपालबीच भएको भेटमा बधाई साटासाटसमेत भएको थियो । प्रधानमन्त्री देउवा र अध्यक्ष दाहालबीच यसअघि शनिबार पनि भेट भएको थियो ।

निर्वाचनको पछिल्लो मतपरिणाम अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ काँग्रेसले सबैभन्दा बढी मत प्राप्त गरेको छ । निर्वाचन आयोगका अनुसार आज दिउँसोसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ काँग्रेसले ५३ स्थानमा जित हासिल गरेको छ भने दुई स्थानमा अग्रता कायम गरेको छ ।

त्यस्तै नेकपा (एमाले) ४२ स्थानमा विजयी भएको छ भने एक स्थानमा अग्रता कायम गरेको छ । नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजवादी)ले १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जित हासिल गरेका छन् । यस्तै स्वतन्त्र पाँच, लोकतान्त्रिक समाजवादी पार्टीले चार र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएका छन् । बाँकी स्थानको केही समस्याका कारण मतपरिणाम आउन ढिलाइ भएको आयोगले जनाएको छ ।

## परिषदले नवौं राष्ट्रियमा पदक विजेता खेलाडीहरुलाई मंसिर १८ गते सम्मान गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

प्रदेश खेलकुद परिषद गण्डकीले नवौं राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीहरुलाई सम्मान गर्ने भएको छ ।

यहि मंसिर १८ गते पोखरा रंगशालामा एक भव्य कार्यक्रमको आयोजना गरी सम्मान गर्न लागिएको हो । प्रदेश खेलकुदका सदस्य सचिव घनश्याम पौडेलका अनुसार खेलाडी सँगै, खेल प्रशिक्षक, व्यवस्थापक र खेल संघहरुलाई समेत नगद सहित सम्मान गरिने छ । गत असोज २८ देखि कार्तिक ३ गते सम्म गण्डकी प्रदेशमा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुदमा गण्डकीले ३२ स्वर्ण, ३१ रजत र ५८ कास्य पदक हासिल गरेको थियो । ३९ वर्ष पछि गण्डकीमा आयोजना भएको राष्ट्रिय खेलकुदमा ऐतिहासिक सफलता प्राप्त गर्दै साते प्रदेश मध्ये प्रथम तथा समग्र नतिजामा चौथोस्थान प्राप्त गरेको थियो ।

परिषदले मंसिर १८ गते ११ बजे पोखरा रंगशालामा एक कार्यक्रम गरी खेलाडी सँगै, खेल प्रशिक्षक, व्यवस्थापक र खेल संघहरुलाई सम्मान गर्ने जनाएको छ । गण्डकीले १२ खेलमा ३२ स्वर्ण प्राप्त गर्ने ७२ जना खेलाडी, १४ खेलका ३१ रजत प्राप्त गर्ने ९२ जना र २५


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि तयार

**रासस**
**पोखरा, १२ मंसिर**

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पोखरा क्षेत्रीय/अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि तयार भएको छ । पोखरा विमानस्थल सञ्चालनयोग्य भएसँगै मुलुकमा अन्तर्राष्ट्रिय विमानस्थलको संख्या तीन पुगेको छ ।

विमानस्थलमा एकसाता लामो यान्त्रिक परीक्षण उडान 'क्यालिब्रेसन फ्लाइट' सफलतापूर्वक सम्पन्न भएसँगै अन्तर्राष्ट्रिय उडानका लागि तयार भएको नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान) का प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिनुभयो । 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यान्त्रिक उडान सफलताका साथ सम्पन्न भइसकेको छ', उहाँले भन्नुभयो, 'यान्त्रिक उडानको प्रतिवेदन १५ दिनभित्र आएपछि सार्वजनिक गरिनेछ ।' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि मुलुकभित्र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो । त्यसको छ महिनापछि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनयोग्य भएको हो । एरोथाई कम्पनीको जहाजले यही मङ्सिर ५ देखि ११ सम्म यान्त्रिक उडान गरेको थियो । यान्त्रिक उडान विमानस्थलमा जडान भएका सञ्चार उपकरणले काम गरे/नगरेको परीक्षणका लागि गरिन्छ । यान्त्रिक उडानमार्फत पोखरा विमानस्थलमा रहेका एयर ट्राफिक कन्ट्रोलर, टावर, धावनमार्ग र विमानस्थलमा जडान भएका सञ्चार उपकरण परीक्षण गरिएको क्यानले जनाएको छ । यान्त्रिक परीक्षण सफल भएपछि मात्रै व्यावसायिक उडान सञ्चालन गरिने अन्तराष्ट्रिय अभ्यास छ ।

क्यानले आगामी पुस १७ देखि पोखरा विमानस्थलमा व्यावसायिक उडान सञ्चालन गर्ने घोषणा गरिसकेको छ । प्राधिकरणकको राष्ट्रिय गौरवका आयोजना निर्देशक बाबुराम पौडेलले यान्त्रिक परीक्षणको प्रतिवेदन क्यानले स्वीकृत गरेपछि एरोनोटिकल इन्फर्मेसन पब्लिकेसन (एआइपी) मा प्रकाशन गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'प्रतिवेदनका आधारमा अन्तर्राष्ट्रिय विमान कम्पनीहरुमा विमानस्थल सम्पूर्ण हिसाबले उडानका लागि तयार भएको जानकारी लिन्छन् र पोखरा गन्तव्यमा उडान गर्नसक्छन् ।'

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले आफूहरु विमानस्थल सञ्चालनको तयारीमा लागेका र कुनै पनि किसिमका कमजोरी हुन नदिन विमानस्थल प्रतिबद्धताका साथ लागेको बताउनुभयो । हाल विमानस्थल सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन भइसकेको छ । अध्यागमन, भन्सार, मेडिकल, सुरक्षा व्यवस्थालगायत सम्पूर्ण तयारी एक महिनाभित्र पूरा हुने उहाँले जानकारी दिनुभयो ।

तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झण्डै २२ अर्ब लागतमा निर्माण भएको छ । विमानस्थलमा दुई हजार पाँच सय मिटर लम्बाई र ४५ मिटर चौडाइको धावनमार्ग रहेको छ । उडान सञ्चालनअघि विमानस्थलको पूर्वपट्टि पर्ने रिट्टेपानी डाँडा कटानको पहिलो चरणअन्तर्गत १६ मिटर कटान कार्य सकिएको प्राधिकरणले जनाएको छ । धावनमार्गको 'अप्रोच' पर्ने भएकाले ४० मिटर डाँडा काटेर समतल बनाइनेछ । बाँकी २४ मिटर काट्न बाँकी छ ।

ठेकेदार कम्पनी उमा एण्ड गाल्भा जेभीसँग वैशाखसम्मका डाँडा कटान गरिसक्नुपर्ने सम्झौता छ । विमानस्थल सञ्चालनका लागि चुनौतिका रुपमा रहेको ल्यान्डफिल साइटमा मङ्सिर १८ बाट फोहर फाल्न बन्द गर्ने जानकारीसहितको पत्र पोखरा महानगरपालिकाले विमानस्थल आयोजनालाई पठाइसकेको छ । हाल विमानस्थलबाट दुई किमि टाढा रहेको ल्यान्डफिल साइट रिट्टेपानी डाँडा कटानबाट निस्किएको माटोले पुर्ने काम भइरहेको महानगरले जनाएको छ । नवनिर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो अन्तर्राष्ट्रिय उडानका लागि बुद्ध एयरले आवश्यक तयारी गरिरहेको छ । यसका लागि बुद्ध एयरले क्यानसमक्ष उडान अनुमतिका लागि निवेदन दिएको छ । कम्पनीले पोखरादेखि भारतका बनारस, दिल्ली र देहरादुनमा उडान गर्ने योजना बनाएको छ । जसअन्तर्गत पोखरा विमानस्थलबाट हुने पहिलो उडानका रूपमा बुद्ध एयरले पोखरा-बनारस-पोखरा उडान गर्नेछ । विमानस्थलमा अन्तर्राष्ट्रिय उडान 'सिङ्गल अप्रोच' बाट हुनेछ । पूर्वपट्टिबाट मात्रै अन्तर्राष्ट्रिय जहाजले उडान र अवतरण गर्नेछन् । आन्तरिकतर्फ रन-वेको दुवैतर्फबाट उडान तथा अवतरण गर्न मिल्छ । विमानस्थलमा साना र ठूला गरी ११ जहाज पार्किङ गर्न सकिनेछ । आन्तरिकतर्फ दैनिक ४८ र अन्तर्राष्ट्रियतर्फ ६ वटा उडान तथा अवतरण गर्ने क्यानको तयारी छ । विमानस्थलसँग वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने क्षमता छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा आइटिएफ अन्तर्राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

पोखरामा सोमबारदेखि अन्तर ाष्ट्रिय आइटिएफ जुनियर-५ टेनिस प्रतियोगिता शुरु भएको छ। नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा शुरु उक्त प्रतियोगिताको खेलकुद परिषद् गण्डकीका सदस्य सचिव घनश्याम पौडेलले प्रतियोगिता निर्देशक अजय विष्टलाई खेल सामग्री हस्तान्तरण गर्दै उद्घाटन गरे।

उद्घाटन समारोहमा बोल्दै सदस्य सचिव पौडेलले पोखरामा टेनिस खेलले छोटो समयमै ठूलो उपलब्धी हाँसिल गरेको बताए। टेनिस संघका पदाधिकारी तथा खेलाडीहरुको उत्साहलेनै यस्तो सम्भवन भएको पौडेलको भनाई थियो । खेल विकासका लागि भौतिक पूर्वाधार महत्वपूर्ण पक्ष भएको उल्लेख गर्दै प्रदेश सरकारले यसका लागि प्रयाप्त बजेट विनियोजन गर्नुपर्नेमा पौडेलले जोड दिए।



समारोहमा बोल्दै कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँले पोखराले टेनिसमा खेल आयोजनासंगै उत्कृष्ट खेलाडीहरु समेत उत्पादन गरेको भन्दै खुसि व्यक्त गरे । नेपाल टेनिस संघका केन्द्रिय उपाध्यक्ष विनोद कायस्थले पोखरामा टेनिस विकासका लागि धेरै वर्ष पहिला आफुले देखेको सपना साकार हुँदै आएको उल्लेख गरे।

आयोजक संघ कास्कीका अध्यक्षले प्रतियोगिता अन्तर्गत सर्किट १ खेल्न विभिन्न ९ राष्ट्का ९८ खेलाडी पोखरा आएको जानकारी दिए । प्रतियोगिताकै दोश्रो सर्किटमा पनि झण्डै यतिनै खेलाडीको सहभागिता रहने अपेक्षा प्रकट गर्दै टेनिसले पोखराको खेल पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिंका निर्वाह गरेको जनाए । यस्ता प्रतियोगिताहरुको प्रवर्द्धनमा महानगर तथा प्रदेश सरकारले पनि ध्यान दिनुपर्ने गुरुङ्गको भनाई थियो । संघका उपाध्यक्ष नविन चालिसेले कार्यक्रम सञ्चालन गरेका थिए।

दुई साता सम्म चल्ने प्रतियोगितामा १३ देखि १८ वर्ष सम्मका महिला तथा पुरुषका एकल र डबल्स इभेण्टमा प्रतिस्पर्धा हुनेछ।

यसैविच प्रतियोगिताको उद्घाटन खेलमा भारतका बंश नन्दालले नेपालका सक्षम विक्रम शाहलाई ६-१,६-२ को सोझो सेटमा पराजित गरे । अर्को खेलमा नेपालका राजबिर प्रधानले भारतका विभु चलाङ्गुन्डलालाई ७-५ र ६-१ को सेटमा पराजित गरे । पहिलो दिनका अन्य खेलहरुमा भारतका सिद्धान्त सर्माले कोरियाका जिवान पार्कलाई, रसियाका फेडोर सोसेड्कीनले भारतका देवर्शी सेनलाई, नेपालका आर्यन गिरीले भारतका धनुष बर्मालाई, भारतका श्रीनिधि बालाजीले अमेरिकाका समिक्षा अनिमलाई, नेपालका रायन शाहले भारतका दिभिजा मनेनीलाई, श्रीलंकाका भिष्मी ओनेश्रा शेरासिंगेले भारतका ऋदेशी पाइलाई पराजित गरेका छन्।

# वाई सर्भिस क्लबद्धारा डोटीका भुकम्प पिडितलाई राहत वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

सुदुर पश्चिम प्रदेशको विकट जिल्ला डोटीका भुकम्प पिडितलाई वाइ सर्भिस क्लब अफ पोखरा र वाइ सर्भिस क्लब अफ लुम्बिनीले सम्युक्त रुपमा गत विहिबार राहत वितरण गरेका छन्।

गत कार्तिक २३ गते बुधबार राती करिब २ वजेको समयमा डोटी जिल्लाको पुर्वी चौकी गाउँपालिका वडा नं. ७ गैरा गाउँमा केन्द्र विन्दु वनाई गएको ६.६ रेक्टर स्केलको भुकम्पको कारण त्यहाँका ठुलो धनजनको क्षति भएको समाचार माध्यममा प्रशारण भए पछि क्लबले सो स्थानमा गइ राहत वितरण गर्ने सोच वनायो । वाइज मेन इन्टरनेशनल क्लबका साउथइष्ट एशिया रिजनल डिरेक्टर इलेक्ट दिपक भण्डारीको नेतृत्वमा वाइ सर्भिस क्लब अफ पोखराका अध्यक्ष अरुण रानाभाट र क्लबका



सल्लाहकार डोटीका स्थानिय समाजसेवी मिनबहादुर वोहराको समुहले राहत सामग्री वितरण गरेको थियो । क्लबले न्यानो कपडा एक सय ५० थान, कम्मल ५० थान, त्रिपाल ४० थान, खाद्यान्न सहयोग गरेको थियो। सो अवसरमा पुर्वी चौकी गाउँपालिका अध्यक्ष रामप्रसाद उपाध्याय, वडा नं. ७ का वडा सदस्य भिम खड्कालगाएतको रोहवरमा उक्त राहत वितरण गरिएको वाइ सर्भिस क्लब अफ पोखराका अध्यक्ष अरुण रानाभाटले वताए।

रिजनल डिरेक्टर इलेक्ट दिपक भण्डारीले पिडितलाई गरिएको सहयोग पहिलो चरणको भएको र दोश्रो चरणमा गाउँपालिकाको सहकार्यमा वाइज मेन इन्टरनेशनलको सहयोगमा पिडितहरुको घर मर्मत, अस्थायी घर निर्माण, शौचालय तथा घर निमार्ण गर्ने योजना रहेको पनि वताएका छन्।

# प्रदेश खेलकुद परिषद गण्डकीद्वारा सदस्य सचिव गुरुङको विदाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

प्रदेश खेलकुद परिषद गण्डकीले एक कार्यक्रमको आयोजना गरी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङलाई विदाई गरेको छ।

गण्डकी प्रदेश सरकारले खेलकुद विकासका लागि गठन गरेको परिषदमा गुरुङले सदस्य सचिव पदमा रहेर करिव १८ महिना नेतृत्व सम्हाल्दै गत असोज २५ गते उमेर हदका कारण अवकाश पाएका थिए। परिषदका उपाध्यक्ष धोज कुमार गुरुङको प्रमुख आतिथ्यतामा भएको विदाई कार्यक्रममा बोल्दै उपाध्यक्ष गुरुङले सदस्य सचिवको उत्कृष्ट नेतृत्वका कारण नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशले उत्कृष्टता हासिल गर्न सफल भएको बताए। यसै गरी कार्यक्रममा आफ्ना भनाई राख्दै



संस्थापक सदस्य सचिव गुरुङले सबैको सहयोग र सदभावका कारणले नै नवौं राष्ट्रिय खेलकुदमा २९ वर्ष पछि उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको बताउँदै आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्नेहरु प्रति आभार व्यक्त गरे। उनले खेलकुदको विकासका लागि समाजका हरेक पक्षहरुलाई जोडेर अघि बढेमा मात्रै खेलकुद सफल हुन सक्ने बताउँदै हरेक नागरिकलाई खेलकुदमा आकर्षण गर्न र खेलुकदबाटै परिवर्तन सम्भव छ भन्ने कुरा वुझाउन आवश्यक रहेको औंल्याए । कार्यक्रममा प्रदेश खेलकुदका कार्यकारी सदस्य दिल बहादुर गुरुङले संस्थापक सदस्य सचिवको अथक मेहनत र योजनावद्ध कार्यक्रमले नै स्थापनको छोटो अवधिमा नै परिषदले सफलताका साथ आफ्ना योजनाहरु अघि बढाएको बताए । उनको सामिप्यताले खेलकुदमा उत्साह जागेको बताउँदै संस्थापक सदस्य सचिव गुरुङका योजनाहरु कार्यान्वयन गरे परिषदले अझै उचाई प्राप्त गर्नेमा कुनै द्विविधा नरहेको उल्लेख गरे।

परिषदका सल्लाहकार एवं अग्रज खेलाडी खड्ग बहादुर रानाभाटले सहि व्यक्तिको नेतृत्व भएमा मात्रै संस्थाको विकास हुन सक्ने कुरा औंल्याउँदै संस्थापक सदस्य सचिव गुरुङले छोटो अवधिमा गरेको उत्कृष्ट योगदानलाई विर्सन नहुने बताए।

परिषदका सदस्य सचिव घनश्याम पौडेलको अध्यक्षतामा भएको विदाई कार्यक्रममा परिषदका कार्यकारी सदस्य, वोर्ड सदस्यहरु, सल्लाहकारहरु, कार्यालयका कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो।

# नेपाली सेनाका प्रशिक्षार्थीहरु पोखरा उद्योग वाणिज्य संघमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले निजी क्षेत्रलाई नाफा कमाउने वर्गको रुपमा नहेर्न सबैसँग आग्रह गरेका छन्।

लगानी गरेपछि नाफा-घाटा दुबैको जोखिम रहने उल्लेख गर्दै उनले राज्यले दिएको अधिकार प्रयोग गर्दै, राज्यलाई कर तिरेर नाफा कमाउनु नै उद्यमशीलता भएको पनि बताए। नेपाली सेनाको सैनिक कलेज तथा स्टाफ तालिम केन्द्रले संचालनमा ल्याएको सि.सं.२९ कमाण्ड तथा स्टाफ तालिममा सहभागीहरुसँग सोमबार भएको अन्तरक्रियामा उनले सो कुरा बताएका हुन् । तालिममा सहभागीहरुको जिज्ञासाको उत्तर दिने क्रममा उनले पोखरा उद्योग वाणिज्य संघले गरेका विभिन्न सामाजिक कार्यहरुको फेहरिस्त प्रस्तुत गर्दै भने,'पोखराको शिक्षा र भौतिक निर्माणमा संघले ठूलो योगदान गरेको छ।' उनले निजी क्षेत्र विकासको साझेदार भएको पनि जिकिर गरे।

कार्यक्रममा बोल्दै नेपाली सेनाका महासेनानी जयन्द्र केसीले तालिमको औचित्यमाथि प्रकाश पार्दै नेपाल प्रहरी र सशस्त्र प्रहरीका ३,विदेशी ६ जनासमेत ४२ जना प्रशिक्षार्थीहरु तालिममा सहभागी रहेको बताए। सो अवसरमा सेनानी प्रसन पुनले नेपालको आयात निर्यातको अवस्था तथा निर्यात प्रतिस्थापनका उपाय के हुन्छन् भन्ने जिज्ञासा राखे भने मेजर सावित्री जिसीले आयातित बस्तु नियन्त्रण र स्वदेशी उत्पादनको उपभोग बढाउन के गर्नुपर्ला भन्ने प्रश्न गरिन्। मेजर सन्तोष चन्दले नेपाली सेनाले आर्थिक समृद्धिको लागि निजी क्षेत्रसँग कहाँ सहकार्य गर्नसक्छ भन्ने जिज्ञासा राखेका थिए । मेजर राजविक्रम ठकुरीले बैंकको बढ्दो ब्याजदरले निजी क्षेत्रलाई पारेको समस्या, उमेश खड्काले सेनाले मुस्ताङमा संचालन गरेको ट्रायथलनले पर्यटनमा पुऱ्याएको सहयोग तथा सशस्त्रका डिएसपी आनन्द थापा मगरले विशेष आर्थिक क्षेत्र ( सेज) को स्थापनाबारे जिज्ञासा राखेका थिए। कार्यक्रममा सेनाको तर्फबाट मेजर वेदबहादुर खड्काले धन्यवाद र दीपेन्द्र भण्डारीले स्वागत गरेका थिए।

पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने हो भने सुरक्षा निकायहरुले सर्वप्रथम स्वदेशी उत्पादन उपभोग गर्नुपर्ने तर्क गरे। उनले सरकार र सरकारी निकायहरुले व्यापार गर्ने नभएर निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्ने धारणा पनि राखे।

# विश्वकप फुटबलमा दक्षिण कोरियालाई पराजित गर्दै घाना विजयी

**रासस**
**काठमाडौं, १२ मंसिर**

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह ' एच'को खेलमा घाना दक्षिण कोरियालाई पराजित गर्दै विजयी भएको छ।

कतारको एजुकेसन सिटी स्टेडियममा मंगलबार भएको खेलमा घाना दक्षिण कोरियालाई ३-२ गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । खेलको २४औं मिनेटमा मोहमद सालिसुले गोल गर्दै घानालाई सुरुआती अग्रता दिलाए । त्यस्तै खेलको ३४औं मिनेटमा घानाका अर्का खेलाडी मोहमद कुडुसले गोल गर्दै आफ्नो टोलीको अग्रता दोब्बर बनाए। कोरियाका लागि चो गी सुङ्गले दुई गोल गरे। उनले खेलको ५८औं र ६१औं मिनेटमा दुई गोल गरे। त्यस्तै खेलको ६८औं मिनेटमा घानाका मोहमद कुडुसले व्यक्तिगत दोस्रो गोल गरे भने आफ्नो टोलीको जितसमेत सुनिश्चित गरे । यस जितसँगै समूह 'एच' मा रहेको घानाले तीन अङ्क जोडेको छ । यता हारसँगै दक्षिण कोरिया एक अङ्कका साथ समूहको पुछारमा रहेको छ । घाना पहिलो खेलमा पोर्चुगलसँग ३-२ को अन्तरले पराजित भएको थियो । दक्षिण कोरियाले भने उरुग्वेसँग गोलरहित बराबरी खेलेको थियो।

# परिषदले...

खेलबाट ५८ रजत पदक प्राप्त गर्ने १६१ जना गरी कुल ३२५ खेलाडी सम्मानित हुनेछन्।

त्यसै गरी पदक विजेता प्रशिक्षक ४६ र व्यवस्थापक ३५ जना गरी ८१ जना संगै २८ खेलसंघहरु समेत सम्मानित गर्न लागिएको परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङले जनाए । नवौं राष्ट्रिय खेलकुदमा गरी गण्डकी प्रदेशबाट रेकर्ड व्रेक गर्ने आर्चरी खेलका जागृत गुरुङलाई सम्मान गरिने छ । जागृतले आफ्नै नाममा रहेको कम्पाउण्डतर्फको इभेन्टमा सातौं राष्ट्रिय खेलकुदको राष्ट्रिय रेकर्ड व्रेक गरेका थिए। सातौंमा उनले ६८९ अंक प्राप्त गरी रेकर्ड राखेका थिए भने नवौंमा उक्त रेकर्ड तोड्दै ६९८ अंक हासिल गरे । यस संगै उनले सिंगल्स र टिमतर्फ स्वर्ण र मिक्सतर्फ रजत पदक जितेका थिए।

परिषदले आर्थिक वर्ष २०७९/०८०का लागि विनियोजित बजेट ४० लाखले खेलाडीहरुलाई सम्मान गर्न लागिएको परिषदका कार्यालय प्रमुख टोपलाल भुसालले जानकारी दिए।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# पदमा टाँसिन छोड

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा सहभागी भएका केही मन्त्रीहरु पराजित भएका छन । देशको गृहमन्त्री देखि प्रदेशका मन्त्रीहरू पराजित हुँदा कुनै नैतिकता देखाउने काम हुन सकेको छैन । जनताको ताजा जनादेश लिएर आउँछौं भनेर गएकाहरु जनताद्वारा अस्वीकृत भए । जनताले नै अस्वीकार गरिसकेपछि पनि राजीनामा नदिइ पदमा बसेर निर्देशन दिनु अनैतिक काम हो । कुर्सीमा टाँसिनु चरम पदलोलुपता हो ।

२०६४ सालमा संविधानसभाको निर्वाचनमा पराजित भएका नेकपा एमालेका मन्त्रीहरूले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राजिनामा बुझाएका थिए । राजिनामा स्वीकृत नभएपछि उनीहरू पदमा बहाल भए पत्रकार सम्मेलन गरेर बाहिरिने आँट गरेनन् । चुनाव हारेपछि नैतिकताका आधारमा राजीनामा दिने चलन विदेशमा छ । नेपालमा प्रधानमन्त्री शेरबहादुर देउवाकै मन्त्रिपरिषद्मा रक्षामन्त्री रहेका मीनेन्द्र रिजालले पार्टीको चुनाव हार्दासमेत पदबाट राजीनामा गरेका थिए । देउवा मन्त्री मण्डलमा रहेका काङ्ग्रेसका मन्त्रीहरू गृहमन्त्री बालकृष्ण खाँड, खानेपानी मन्त्री उमाकान्त चौधरी, राज्यमन्त्री उमेश श्रेष्ठले राजिनामा दिने नैतिकता देखाउन सकेनन् ।

चुनावमा बहुमत दिलाउन नसक्ने दलको नेताले नैतिक जिम्मेवारी लिएर पद छाड्नुपर्ने हो । ठूलो दलबाट झर्दै झर्दै दोस्रो तेस्रो र चौथो हुँदा पनि नेतृत्व हस्तान्तरण नगर्नु पार्टीलाई कमजोर बनाउनु हो । कार्यकर्ता र शुभेच्छुकको नजरमा गिर्ने काम हो । प्रतिनिधि सभामा कुनै एउटा दल बहुमतको नजिकसमेत पुग्ने देखिएन । यसैले गठबन्धनको खेलमा अर्को सरकार कहिलेसम्म बन्छ अहिले यसै भन्न सकिँदैन । सरकार निर्माण नहुँदासम्म मन्त्रीका रूपमा प्रस्तुत हुन चुनाव हारेकाहरूलाई नै आत्मग्लानि हुनुपर्ने हो । समाजमा मात्र होइन मन्त्रालयमा समेत तिनको खिसिट्युरी हुन्छ । कर्मचारीले आदेश पालन गर्दैनन् । यसरी पनि के पदमा टाँसिइरहनु लोकतान्त्रिक आचरण होइन ।

नयाँ प्रधानमन्त्री नछानिदासम्म सरकार कायम रहन्छ । कामचलाउ भइसकेको सरकारले नीतिगत निर्णय गर्न पनि मिल्दैन । यस्तो अवस्थामा मन्त्रीहरूविना कामकाज पनि रोकिँदैन । नेपाली उखान खुर्सानी विना भतेर रोकिदैन भने जस्तो अवस्थामा कानुनमा स्पष्ट नलेखिएको भए पनि नैतिक नियम त पालना गर्नैपर्छ । नेपालको संविधान कार्यान्वयनको प्राथमिक चरण भएकाले अहिले नैतिक मूल्यको सम्मान गर्ने परम्परा स्थापित भयो भने त्यसलाई उल्लङ्घन गर्ने आँट पछिकाले पनि गर्नेछैनन् । काङ्ग्रेसले नैतिकता जिम्मेवारी लिने हो भने माओवादी केन्द्र र नेकपा एसका मन्त्रीलाई पनि पराजित भएर पदमा टाँसिनु हुँदैन भन्ने सन्देश जानेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाली सेनाका प्रशिक्षार्थीहरु पोखरा उद्योग वाणिज्य संघमा

पोखरापत्र संवाददाता
पोखरा, १२ मंसिर

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले निजी क्षेत्रलाई नाफा कमाउने वर्गको रुपमा नहेर्न सबैसँग आग्रह गरेका छन् ।

लगानी गरेपछि नाफा-घाटा दुबैको जोखिम रहने उल्लेख गर्दै उनले राज्यले दिएको अधिकार प्रयोग गर्दै, राज्यलाई कर तिरेर नाफा कमाउनु नै उद्यमशीलता भएको पनि बताए । नेपाली सेनाको सैनिक कलेज तथा स्टाफ तालिम केन्द्रले संचालनमा ल्याएको सि.सं.२९ कमाण्ड तथा स्टाफ तालिममा सहभागीहरुसँग सोमबार भएको अन्तरक्रियामा उनले सो कुरा बताएका हुन् । तालिममा सहभागीहरुको जिज्ञासाको उत्तर दिने क्रममा उनले पोखरा उद्योग वाणिज्य संघले गरेका विभिन्न सामाजिक कार्यहरुको फेहरिस्त प्रस्तुत गर्दै भने,'पोखराको शिक्षा र भौतिक निर्माणमा संघले ठूलो योगदान गरेको छ ।' उनले निजी क्षेत्र विकासको साझेदार भएको पनि जिकिर गरे ।

कार्यक्रममा बोल्दै नेपाली सेनाका महासेनानी जयन्द्र केसीले तालिमको औचित्यमाथि प्रकाश पार्दै नेपाल प्रहरी र सशस्त्र प्रहरीका ३,विदेशी ६ जनासमेत ४२ जना प्रशिक्षार्थीहरु तालिममा सहभागी रहेको बताए । सो अवसरमा सेनानी प्रसन पुनले नेपालको आयात निर्यातको अवस्था तथा निर्यात प्रतिस्थापनका उपाय के हुन्छन् भन्ने जिज्ञासा राखे भने मेजर सावित्री जिसीले आयातित बस्तु नियन्त्रण र स्वदेशी उत्पादनको उपभोग बढाउन के गर्नुपर्ला भन्ने प्रश्न गरिन् ।

मेजर सन्तोष चन्दले नेपाली सेनाले आर्थिक समृद्धिको लागि निजी क्षेत्रसँग कहाँ सहकार्य गर्नसक्छ भन्ने जिज्ञासा राखेका थिए । मेजर राजविक्रम ठकुरीले बैंकको बढ्दो ब्याजदरले निजी क्षेत्रलाई पारेको समस्या, उमेश खड्काले सेनाले मुस्ताङमा संचालन गरेको ट्रायथलनले पर्यटनमा पुऱ्याएको सहयोग तथा सशस्त्रका डिएसपी आनन्द थापा मगरले विशेष आर्थिक क्षेत्र ( सेज) को स्थापनाबारे जिज्ञासा राखेका थिए । कार्यक्रममा सेनाको तर्फबाट मेजर वेदबहादुर खड्काले धन्यवाद र दीपेन्द्र भण्डारीले स्वागत गरेका थिए ।

पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने हो भने सुरक्षा निकायहरुले सर्वप्रथम स्वदेशी उत्पादन उपभोग गर्नुपर्ने तर्क गरे । उनले सरकार र सरकारी निकायहरुले व्यापार गर्ने नभएर निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्ने धारणा पनि राखे ।

# प्रशासकीय अधिकृत हुँ भनी ठगी गर्ने पक्राउ

पोखरापत्र संवाददाता
बागलुङ, १२ मंसिर

जिल्ला प्रहरी कार्यालय बागलुङले प्रशासकीय अधिकृत हुँ भनी ठगी गर्ने एक व्यक्तिलाई पक्राउ गरेको छ । प्रहरीले जिल्ला प्रशासन कार्यालय बागलुङको प्रशासकीय अधिकृत बताई ठगी गर्ने गोरखाको सहिद लखन गाउँपालिका-४ का बुद्धिमान परियारलाई पक्राउ गरेको हो ।

प्रहरीले बजारमा ठगी गरेको भन्ने सूचना पाएपछि बागलुङ नगरपालिका-३ गुठी स्थित प्रशासन कार्यालय परिसरबाट परियारलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी गङ्गाबहादुर थापाले जानकारी दिनुभयो । प्रहरीले निजामती कर्मचारीको पोशाकसहित विभिन्न कार्यालयका छाप र दस्तखत भएका पत्रहरू र आकाशचन्द्र परियार प्रशासकीय अधिकृतको रबर छाप बोकिरहेको अवस्थामा फेला पारेको प्रहरी नायब उपरीक्षक थापाले बताउनुभयो ।

पक्राउ परेका परियार बसेको होटलको कोठामा गई खानतलासी गर्दा विभिन्न सरकारी कार्यालयका छाप र दस्तखत भएका पत्र, विभिन्न कार्यालयका छापहरू (स्ट्याम्प), ल्यापटप, नगद रु ६३ हजार, पेनड्राइभलगायतका दसीका सामान फेला पारेको उहाँको भनाइ छ ।


प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०८/१२

यस कार्यालयबाट मिति २०६७/११/२० मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०९ मा संचालन गर्ने गरि अर्चले ०६ स्याङ्जा निवासी दिननाथ पौडेलको नाउँमा दर्ता भएको उद्योग ७५८४/०६७/०६८ को ए ई खाजा घर नामक फर्मका प्रोपाइटर श्री दिननाथ पौडेलले मिति २०७९/०८/१२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारको सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**


# गुरुङको जन्मोत्सव वृद्धाश्रममा

पोखरापत्र संवाददाता
पोखरा, १२ मंसिर



लामा अमृत फाउण्डेसन घान्द्रुकका संस्थापक अमृत गुरुङले आफ्नो जन्मोत्सव वृद्धाश्रममा मनाएका छन् ।

३६ वर्षीय गुरुङले आफ्नो जन्मोत्सव पोखरा महानगरपालिका १७ छोरेपाटनस्थित मानवसेवा आश्रम र सीता पाइलास्थितको वृद्धाआश्रममा खाद्यान्नका सामाग्री सहयोग गरेका जन्मोत्सव मनाएका हुन् ।

उनले सहयोग हस्तान्तरण गर्दै आफ्नो जन्मोत्सवमा आर्शिवाद लिन वृद्धाश्रम पुगेको बताए । 'आजभोलि जन्मदिनमा फजुल खर्च गर्ने प्रचलन बढ्दो छ । साथीभाईहरुसँग भेटघाटमा रमाइलो हुन्छ, उनले भने, ' जन्मदिनमा बाहिर गर्ने फजुल खर्च भन्दा कुनै सामाजिक सेवामा खर्च गर्न पाए शान्ति मिल्छ । त्यसैले यहाँहरुसँग आर्शिवाद लिन यहाँ आएको हुँ ।' उनले युवा पुस्तालाई सन्देश दिने उद्देश्यले जन्मोत्सव आश्रममा मनाएको बताए । 'यो मेरो सहयोग भन्दापनि सन्देश हो, उनले भने, 'भोज गरेर खर्च गर्नुको सट्टा असहायको साहरा बन्न सक्नुपर्छ भन्ने हेतुले हरेक वर्ष मैले यसरी नै जन्मोत्सव मनाउने गर्दछु ।' हरेकवर्ष आफ्नो जन्मोत्सव वृद्धाश्रममा मनाउदै आएको बताउँदै यसपटकपनि सोही कार्यालाई निरन्तरता दिएको गुरुङले जानकारी दिएका थिए ।

युवा व्यवसायी तथा समाजसेवी गुरुङले सामाजिक सेवासँगै खेलकुद विकासको क्षेत्रमासमेत काम गर्दै आएका छन् । उनले यसअघि कोरोना महामारीको समयमा पनि विपन्न परिवारहरुलाई राहात स्वरुप खाद्यान्नका समाग्री सहयोग गरेका थिए । गुरुङले सहयोग गरेको मानवसेवा आश्रम छोरेपाटनमा सय जना र सीता पाइलास्थित पोखरा वृद्धाश्रममा ५५ जना आश्रित छन् । सोही अवसरमा उनले पोखरा १४ का मृगौलापीडित नरबहादुर तामाङको परिवारलाईसमेत खाद्यान्न तथा नगद सहयोग गरेका थिए ।

# आत्महत्या रोकथामका लागि पोखरामा दुई दिने 'गेट किप्पर तालिम'

पोखरापत्र संवाददाता
पोखरा, १२ मंसिर



मनोसामाजिक सुस्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धि 'गेट किप्पर तालिम' सोमबार सम्पन्न भएको छ ।

आत्महत्या रोकथाममा सबैको सहकार्य भन्ने मुल नाराका साथ कोशिश (राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन) नामक संस्थाको आयोजनामा उक्त तालिम सम्पन्न भएको हो । तालिम पोखरा महानगरपालिका वडा कार्यालय ५ र शहरी स्वास्थ्य केन्द्र पोखरा ५ को समन्वय तथा सिबिएमको सहयोगमा सम्पन्न भएको थियो । पहिलो चरणमा पोखरा वडा नं. ५ भित्रका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, विभिन्न संघसंस्था तथा समूहका प्रतिनिधि, विद्यालयका प्रतिनिधिलगाएत ४५ जना तालिममा सहभागि रहेका कोशिशले जनाएको छ । तालिम मनोसामाजिक सुस्वास्थ्य तथा आत्महत्या हुन सक्ने सम्भाव्यताको अध्ययन गर्दै यसको रोकथाम कसरी गर्न सकिन्छ भन्नेमा केन्द्रीत रहेको थियो । तालिममा मुख्य प्रशिक्षक कोशिशका विनय पाण्डेले प्रशिक्षण गराएका थिएभने कार्यक्रम संयोजक कोशिशका सुदिप घिमिरे, मानव अधिकारकर्मी खिमलाल सुवेदी, शहरी स्वास्थ्य केन्द्र पोखरा ५ का आशिक सुवेदी र कोशिशकी नविना आचार्यले सहजीकरण गरेका थिए । औपचारिक कार्यक्रम पोखरा वडा नं. ५का वडाध्यक्ष विष्णु प्रसाद बरालको प्रमुख आतिथ्यता र वडा ५ कै जनप्रतिनिधि कल्पना भुवाजी क्षेत्रीले अध्यक्षता गरेकी थिइन् ।

तालिममा मन स्वास्थ्य भए सबै राम्रो हुदै जानेहुँदा मन स्वस्थ राख्नुपर्नेमा जोड दिइएको थियो । मनलाई स्वस्थ राख्न सके आत्महत्यालाई न्युनीकरण गर्न सकिने तालिममा सिकाइएको थियो । तालिमपश्चात आत्महत्या न्यूनीकरणमा आफूले भुमिका खेल्ने प्रशिक्षार्थीले प्रतिवद्धता व्यक्त गरेका थिए ।

# सहारा एकेडेमीको अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, १२ मंसिर



एनआरएनए एशिया प्यासिफिक उप-संयोजक ददिवल खड्का नेतृत्वको टोलीले सहारा क्लब एकेडेमीको अवलोकन गरेको छ ।

मंगलबार खड्का, एनआरएन आइसिसी सदस्य नरबहादुर थापा, नेपाली व्यवसायी संघ जापानका अध्यक्ष विजय थकाली सहितको टोलीले एकेडेमीको अवलोकन गरेको हो । उनीहरुलाई सहारा क्लब परिवारले स्वागत गरेको थियो । फुटबलमार्फत सामाजिक सेवामा क्रियाशील सहारा क्लबको क्रियाकलापको मुक्तकण्ठले प्रशंसा गर्दै टोलीले प्रवासबाट पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा सहारा क्लब पोखराका वरिष्ठ उपाध्यक्ष केशवराज बराल, खेलाडी मुकुन्द निउरे लगायतले बस्तुस्थितिबारे जानकारी गराएका थिए । पोखरा १७, दोबिल्लामा रहेको एकेडेमीमा हाल १३ जना बालक आश्रित छन् ।


**माईग्रेशन सर्टिफिकेट हराएको सूचना**

महेन्द्रपुलबाट बगर जादै गर्दा मेरो तपसिल बमोजिमको कक्षा ११/१२ को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : रजिला आचार्य (Rajila Acharya)
ठेगाना : पोखरा-१२
सिम्बोल नं. : २४००३३९५
रजिष्ट्रेशन नं. : ७६४०२१२५२
सम्पर्क नं. : ९८४६०५९६९५


# क्यामरुन र सर्बियाले बराबरी खेले

रासस
काठमाडौं, १२ मंसिर

कतारमा जारी फिफा विश्वकप-२०२२ अन्तर्गत समूह 'जी' को खेलमा क्यामरुन र सर्बियाले बराबरी खेल्दै अङ्क बाँडेका छन् ।

कतारको अल जनौब रङ्गशालामा सोमबार भएको खेलमा दुवै टोलीले ३-३ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् ।

# पोखराको भैरव नृत्यः साढे दुई शताब्दीदेखिको जीवन्त इतिहास

**–वासुदेव पौडेल**
**गण्डकी, १२ मंसिर (रासस)**

पर्यटकीय नगरी पोखराका प्राचीन संस्कृतिमध्येको एक हो यहाँको भैरव नृत्य। पछिल्लो समयमा प्रत्येक छ/छ वर्षमा गर्रिंदै आएको यो नृत्य अहिले पोखरामा प्रदर्शनको तयारी गरिएको छ।

यो नृत्य मङ्सिर १५सुरु हुने र चैत मसान्तसम्म सञ्चालन हुने भैरव सांस्कृतिक संरक्षण समिति पोखराका अध्यक्ष तीर्थमान प्रधानाङले जानकारी दिनुभयो।भय र दण्डका देवताका रुपमा हिन्दू र बौद्ध संस्कृतिमा प्राचीनकालदेखि भैरवको पूजाआजा हुँदै आएको पाइन्छ। तन्त्रोक्त विधिबाट पूजा गरिने भैरवका विभिन्न रूप छन्। भैरवको पूजाबाट सबै किसिमका भयसँगै दुःख कष्ट निवारण हुने जनविश्वास रहेको अध्यक्ष प्रधानाङले बताउनुभयो। नेवारी संस्कृतिमा भैरव नृत्यको प्राचीन परम्परा छ। यसलाई गण नृत्य( गँ प्याखँ) भैरव नृत्य(भैल प्याखँ)आदि नाममा काठमाडौँ उपत्यकामा विभिन्न भागमा प्रदर्शन गर्रिंदै आएको उहाँको भनाइ छ।

पोखरामा पनि भैरव नृत्यको साढे दुई शताब्दीभन्दा पुरानो इतिहास रहेको बताउँदै उहाँले भन्नुभयो, "पोखरामा यो नृत्य २५० वर्षभन्दा अघिदेखि यहाँको नेवार समुदायको तत्वावधानमा सुरु भएको हो। यो नृत्य प्रत्येक १२ वर्षको अन्तरालमा गर्रिंदै आइएकोमा २०२९ सालदेखि प्रत्येक छ वर्षको अन्तरालमा गर्रिंदै आइएको छ।" यसमा भैरव, काली, इन्द्रायणी, बराह, कुमारी, विष्णुवी, गङ्गाजु, गणेश, दागिनी, भूच्या र कबाङ गरी १२ पात्रको मुखुण्डो लगाएर नाचिने भैरव सांस्कृतिक संरक्षण समिति पोखराका सल्लाहकार एवं संस्कृतिविद् तीर्थ श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार यो नृत्य शास्त्रीय भजनमा आधारित हुन्छ। राग कौशिक, राग छ्याँनट, राग मालवा, राग सारङ्गा, राग तोडी, राग मालश्रीलगायतका राग तथा खरजति ताल, चोक ताल, एक ताल, दोमा तालमा आधारित नेवारी भाषाका भजन गायनमा आधारित भएर नर्तकहरू नृत्य गर्ने गर्दछन्। मृदङ्गा (खिं) झ्याली, ताः, धाः, सहनाई, (मुहाली) को बादनका माध्यमबाट सङ्गीत सिर्जना गरिने यस नृत्यमा सामान्यतः १२ नर्तक ३० गायक १० वाद्यवादक, १२ नर्तक सेवक, १२ जगेडा कलाकार, १० स्वयंसेवक तथा अन्य व्यवस्थापन पक्षका सहभागी २० जना गरी एक सय छ जनाको सहभागिता रहने अध्यक्ष प्रधानाङ्गले जानकारी दिनुभयो। ठूलो सङ्ख्यामा कलाकार चाहिने यो नृत्य एक पटकमा सञ्चालन गर्न लगभग ८० हजार रुपैयाको लागत लाग्ने गुरु कृष्णदेव प्रधानाङ्गले जानकारी दिनुभयो।

शास्त्रीय सङ्गीतमा आधारित यस नृत्यलाई परम्परागत नृत्य नाटिकाका रुपमा पनि लिने गरिन्छ। यस नृत्यका भजनमा भक्तपुरका राजा रणजित मल्लको नाम उल्लेख भएकाले यसको उद्गम रणजीत मल्लकालीन भक्तपुर भएको अनुमान गर्न सकिन्छ।

पोखराकोपुरानोयससांस्कृतिक सम्पदाप्रति सबै समुदायका पोखरेलीको निरन्तर सहयोग र सद्भाव प्राप्त रहेको संस्कृतिविद् श्रेष्ठले बताउनुभयो। नेपाल सरकारले यस नृत्यको सम्मानार्थ २०५७ सालमा यस नृत्य अङ्कित हुलाक टिकट प्रकाशन गरेको थियो। पोखराको वरिष्ठ संस्कृतिकर्मी स्व सर्वज्ञमान प्रधानाङ्ग भैरव सांस्कृतिक संरक्षण समितिको अध्यक्षसँगै लामो समयसम्म यस नृत्यको गुरुको भूमिका निर्वाह गर्नुभएको थियो भने स्व कृष्णबहादुर वैद्य पनि गुरु भएर नेतृत्वदायी भूमिका निभाउनुभएको थियो। हाल यस नृत्यका गुरु कृष्णदेव प्रधानाङ्ग र उपगुरु मेघबहणदुर ताम्राकार हुनुहुन्छ। नृत्यमा उपयोग गरिने मुखुण्डोलाई तन्त्रोक्त विधिबाट साक्षात शक्तिको जागरण गराईने हुनाने यसलाई तन्त्रमा आधारित मान्ने गरिन्छ। यसमा सहभागी हुने नृत्य कलाकारमा नृत्य शक्ति सञ्चार हुने समितिका कोषाध्यक्ष महेन्द्र बजिमयले जानकारी दिनुभयो। नृत्य सुरु गर्नुपूर्व कलाकारलाई नाटेश्वरको टीका लगाउने प्रचलन रहेको उहाँले बताउनुभयो। मुखुणेमा शक्ति जगाउने काममा यस अघि धर्मराज गुभाजु, पुण्यराज गुभाजु कान्तिराज भाजू, विविध मङ्गल गुभाजु हुँदै यसअघिको २०७२ को नृत्यमा डा सिध्दिवीर कमाचार्य रहनुभएको थियो। यसवर्ष मुखुण्डो सिद्धीमा ललितपुरका श्री हीरारत्न गुभाजु संलग्न हुनुभएको छ। यो नृत्य प्रदर्शन गर्न करिब दुई महिना लामो नृत्य, वाद्यवादन र गायन प्रशिक्षण हुने गर्दछ। यसवर्ष प्रशिक्षणमा करिब तीन सय ५० भन्दाबढी कलाकार सहभागी भएका भएको र बाद्यवादनमा २० जना र गायनमा २० जना सहभागी भएको अध्यक्ष प्रधानाङ्ले जानकारी दिनुभयो।

नृत्य अत्यन्त खर्चिलो भए पनि आवश्यक पर्ने वस्त्राभूषण विभिन्न दाता महानुभावबाट प्राप्त भएको सचिव सुरेन्द्रमान विजुक्क्षेले जानकारी दिनुभयो। यही मङ्सिर १५ गतेदेखि प्रदर्शन गर्ने तयारी भएको यस नृत्यको पहिलो दिनमा नाटेश्वरको सम्मानस्वरुप भीमसेन मन्दिर भीमसेनटोलमा प्रदर्शन गरिने योजना छ। यो नृत्य १६ गते गणेश मन्दिर गणेशटोल, १७ गते सरस्वती मन्दिर तेर्सापट्टी, १८ गते विन्ध्यवासिनी मन्दिर, १९ गते गणशमन्दिर भैरवटोल, २२ गते गुरु कृष्णदेव प्रधानाङको निवास्थान भैरवटोल प्रदर्शन गरिने जनाइएको छ।

नृत्यलाई विभिन्न व्यक्ति तथा संस्थाले आमन्त्रण गर्ने प्रचलन रहेको र माग अनुसार विभिन्न स्थानमा प्रदर्शन गर्ने तयारी गरिएको अध्यक्ष प्रधानाङले जानकारी दिनुभयो। नृत्य आमन्त्रण गर्न व्यक्तिगत र संस्थागत क्रमशः ३५ हजार र ५० हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ।



पोखराको रत्नचोकमा नुवाकोटका किसानले उत्पादन गरेको मूला बिक्री गर्दै व्यापारी। प्रति मूठा मूलाको रु एक सयमा बिक्री वितरण गरिएको छ। तस्बिर : जमुना वर्षा शर्मा, रासस

# मुक्तिनाथ बैंकको सहकार्यमा कृषि कम्पनी गाउँमा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १२ मंसिर**



स्याङ्जाको हरिनाश गाउँपालिका वडा नं. ६ क्याक्मीमा 'दग्दी मुक्तिनाथ कृषि सहकारी संस्था' स्थापना गरिएको छ। स्थानीय कृषकलाई कृषि उत्पादनमा केन्द्रित गर्न सहकारी स्थापना गरिएको हो।

कृषि पेशामा आबद्ध कृषकको लागतमा कमि ल्याई कृषि उत्पादन बढाउनका लागि सहकारीले भूमिका निर्वाह गर्ने छ। लागतमा कमि ल्याई कृषिमा यान्त्रिकीकरण बढाउन सहकारी मार्फत लगानी बृद्धि गर्ने लक्ष्य राखिएको छ। स्थानीयस्तरमा उत्पादन हुने सुन्तला, गोलभेडा, अदुवा सहितका कृषिजन्य वस्तुको उत्पादनमा लगानी र निकासीको ग्यारेन्टी सहकारीले लिने व्यवस्था गरिएको छ। सहकारी मार्फत गरिने लगानीलाई सुरिक्षत बनाउँदै कृषकको आम्दानीमा बृद्धि गर्नु सहकारीको प्रमुख उद्देश्य रहेको छ। लगानीमा मुक्तिनाथ विकास बैंक र यान्त्रिकीकरणमा मुक्तिनाथ कृषि कम्पनीले सहजीकरण गर्ने छन्। सहकारी स्थापनाका अवसरमा हरिनाश गाउँपालिका आसपासका उल्लेख्य स्थानीय कृषकको सहभागिता रहेको थियो। सहकारी स्थापनाको प्रारम्भिक भेलामा हरिनाश गाउँपालिकाका अध्यक्ष खिमनारायण मानन्धरले मुक्तिनाथ बैंक र कृषि कम्पनीसँग सहकार्य गरेर कृषकको जीवनस्तर उकास्न सकिने बताए। उनले कृषकको आम्दानी बढाउन र कृषि पेशालाई मर्यादित बनाउन गाउँपालिकाले बैंक र कम्पनीसँग हातेमालो गर्ने बताए।

त्यस अवसरमा बैंक तथा कृषि कम्पनीका कार्यकारी अध्यक्ष भरतराज ढकालले कृषिमा उत्पादन बढाउन बैंक र कम्पनीले कृषकसँग सहकार्य गर्दै अगाडी बढ्ने बताए। उनले कृषकको आम्दानी बृद्धि नहुँदासम्म आर्थिक विकास र कृषिमा यान्त्रिकीरकण नहुँदासम्म उत्पादनमा बृद्धि नहुने बताए। आर्थिक विकास र उत्पादन बढाउन बैंक र कम्पनीसँग सहकार्य गर्न कृषकलाई ढकालले आग्रह गरे। सहकारी भेलामा हरिनाश गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष डीलबहादुर राना, वडा नं. ६ का वडाध्यक्ष निर्मल लम्साल, मुक्तिनाथ बैंकका वरिष्ठ अधिकृत तेज गिरी, कृषि कम्पनीका गण्डकी प्रदेश प्रमुख भूमिराज भण्डारी, बैंकका उप-क्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख नविन काफ्ले, अनुगमन अधिकृत बालकृष्ण रेग्मी, मेघराज ढकाल र सन्तोष रोकाहाले बोलेका थिए।

स्थानीय समाजसेवी खुमबहादुर रानाको अध्यक्षतामा दग्दी मुक्तिनाथ कृषि सहकारी संचालक समिति गठन गरिएको छ। गठित समितिको उपाध्यक्षमा गोपालसिहं प्रधान, सचिवमा टेकबहादुर सुनारी, सह-सचिवमा सरिता सुबेदी र कोषाध्यक्षमा चित्रमाया थापा रहेका छन्।

समितिको सदस्य अमृता शाही, बबिता थापा, यामबहादुर थापा, खुममाया मानन्धर, शोभाकान्त लम्साल, शर्मिला वि.क., अस्मिता सार्की र ज्ञानकुमारी क्षेत्री रहेका छन्। समितिले संस्था दर्ताको प्रक्रिया पुरा गरेर तत्काल सहकारी संचालनमा ल्याउने छ।

# नवनिर्वाचित प्रदेशसभा सदस्यको जोड : सक्षम र समृद्ध गण्डकी प्रदेश

**–खेमराज गौतम**
**बागलुङ, १२ मंसिर (रासस)**

बागलुङबाट नवनिर्वाचित चारवटै गण्डकी प्रदेशसभा सदस्यले प्रदेश सरकार बलियो बनाउन आफूहरुले समृद्धिका योजना ल्याएको बताउनुभएको छ। लोकतान्त्रिक वाम-गठबन्धनको सर्मथनमा नेपाली कांग्रेसबाट निर्वाचित उहाँहरुले प्रदेश सरकार खर्चिलो, औचित्यहीन र खारेजीको माग पनि सुनिएको भन्दै प्रदेश सरकारलाई सक्षम बनाउन आवश्यक रहेको बताउनुभएको छ।

गण्डकी प्रदेशमा बागलुङका चार प्रदेश क्षेत्रबाट क्रमशः दीपेन्द्रबहादुर थापा, डिल्लीराम सुवेदी, जीत शेरचन र दोर्ण कुँवर विजयी हुनुभएको छ। विजयी प्रदेशसभा सदस्यहरुले सक्षम र समृद्ध प्रदेश सरकार बनाउन आवश्यक रहेको बताउँदै सङ्घ र स्थानीय तहको पुलका रुपमा काम गर्ने योजना बनाएको सुनाउनुभयो। बागलुङ क्षेत्र नं २ प्रदेशसभा (१) बाट निर्वाचित प्रदेशसभा सदस्य शेरचनले प्रदेश सरकारलाई सक्षम बनाउनका लागि नागरिकलाई उत्पादनसँग जोड्ने अवधारणा ल्याउनुपर्ने बताउनुभयो। उहाँले प्रदेश सरकारको औचित्यमाथि प्रश्न नउठ्नेगरी काम गर्न आवश्यक रहेको बताउनुभयो। "बदर मतपत्रमा प्रदेश सरकार खारेजीको माग गरिएको, मत जाहेर नगरी बाकसमा खसालेको जस्ता कुरा सुनिए, प्रदेश सरकारले आर्थिक भार बढायो भन्नेसमेत छ, तर नागरिकलाई उत्पादनसँग जोड्नसके प्रदेश सरकार सक्षम बनाउन सकिन्छ", शेरचनले भन्नुभयो, "प्रदेश सरकारले सङ्घ र स्थानीय तहको समन्वयकारी भूमिका बढाउँदै नागरिकको आम्दानी बढाउनसक्ने योजना ल्याउनसके प्रदेश सरकार बलियो र समृद्ध बन्नेछ।" शेरचनका अनुसार नागरिक उत्पादनसँग जोडिएपछि मात्रै प्रदेश सरकारको राजस्वमा वृद्धि हुने र आफ्नै खर्चले प्रदेश सरकार चल्नसक्ने अवस्था ल्याउनुपर्नेछ। नागरिकलाई कृषिमा आधुनिकीकरण र पर्यटनको विकासबाट मात्रै आम्दानी वृद्धिका लागि अभिप्रेरित गर्न सकिने उहाँको बुझाइ छ। यस्तै क्षेत्र नं १ प्रदेशसभा (२) बाट निर्वाचित प्रदेशसभा सदस्य सुवेदीले गण्डकी प्रदेशलाई मजबुद बनाउन आफूहरुले उल्लेख्य भूमिका खेल्ने बताउनुभयो। उहाँले योजनाका साथ काम गर्ने, जनमुखी बजेट बनाउने र नागरिकको रोजगारी तथा आम्दानी बढाउने क्रियाकलापलाई प्रोत्साहन गर्नसकेमा प्रदेश सरकार सक्षम हुने बताउनुभयो।

"आर्थिक बोझका रुपमा प्रदेश सरकारको अपव्याख्या गरियो, प्रदेश सरकारले पाँच वर्षमा केही राम्रा काम गरेको छ, अब यो पाँच वर्षमा प्रदेश सरकार सक्षम हुनेगरी नीति तथा कार्यक्रम ल्याउने र कार्यान्वयन गर्नेछ", सुवेदीले भन्नुभयो, "नागरिकको नजिकको सरकार स्थानीय सरकार भए पनि जनताको दुःखसुखमा काँध थाप्नेगरी प्रदेश सरकारले भूमिका खेल्नुपर्दछ, जनताको स्वास्थ्य र शिक्षाको सुनिश्चितासम्म प्रदेश सरकार पुग्नका लागि मैले सक्दो पहल गर्नेछु।" सुवेदीले अहिलेको प्रदेश सरकारमा युवाहरुको जमात देखिएकाले फरक ढङ्गले काम गर्ने अवसर आएको बताउनुभयो।

यस्तै क्षेत्र नं १ प्रदेशसभा (१) बाट निर्वाचित प्रदेशसभा सदस्य थापाले प्रदेश सरकारलाई बलियो र सक्षम बनाउन आफू अहोरात्र खट्ने बताउनुभयो। उहाँले सङ्घीयता कार्यान्वयनपछि प्रदेश सरकारका विषियमा विभिन्न टीकाटिप्पणी भए पनि प्रदेश सरकारले यसको जवाफ कामबाट दिनुपर्ने बताउनुभयो।

"बागलुङवासीको मायाले दोस्रो प्रयासमा प्रदेशसभा सदस्यमा निर्वाचित भएको छु, सबल गण्डकी प्रदेश बनाउनेमा हामी अहोरात्र खट्नेछौँ, प्रदेश सरकारलाई आर्थिकरुपमा मात्रै हैन अन्य क्षेत्रमा समेत सक्षम बनाउन सकिने थुप्रै आधार छन्", थापाले भन्नुभयो, "प्रदेश सरकार जनताको दोस्रो नजिकको सरकार हो, पर्यटनबाट प्रदेश समृद्धि बनाउन सकिन्छ, हामीसँग योजना छ, प्रदेशसभा पुगेपछि कार्यान्वयतर्फ लाग्नेछौँ।"

यस्तै क्षेत्र नं २ प्रदेशसभा (२) बाट निर्वाचित कुँवरले बागलुङको पश्चिम क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरी नागरिकको आयस्तर बढाउँदै प्रदेश सरकारको आम्दानीको स्रोतका रुपमा विकास गर्न सकिने बताउनुभयो। उहाँले आफ्नो क्षेत्रमा रहेको ढोरपाटन क्षेत्र चर्चित पर्यटकीय गन्तव्य भए पनि यहाँ आउने पर्यटक कम रहेको भन्दै पर्यटकलाई ल्याउनका लागि प्रदेश सरकारले थुप्रै योजना ल्याउने बताउनुभयो।

बागलुङबाट निर्वाचित चारवटै प्रदेशसभा सदस्यले गण्डकी प्रदेश सरकारलाई सबल र सक्षम बनाउन विभिन्न खानीको उत्खनन गर्ने, जडीबुटीको उत्पादन र निकासी गर्ने, जलविद्युत्को उत्पादन बढाउनुपर्नेमा जोड दिनुभयो।

# पौँदीमा न्वागी मेलाको रौनक

**पोखरापत्र संवाददाता**
**बागलुङ, १२ मंसिर**

गत सोमबार बिहान ९ बजेर ३१ मिनेट जाँदाको साइत छोपेर पौँदेलीले न्वागी खाए। बर्सेनि धानबाली भित्र्याएपछि मङ्सिर पहिलो हप्ता पौँदी क्षेत्रमा न्वागी खाने प्रचलन छ। नयाँ चामलमा दही, केरा, सिलाम र चिनी मिसाएर न्वागी बनाइन्छ।

स्थानीयवासीले न्वागीको संस्कृतिलाई पर्वकै रुपमा मान्छन्। न्वागी खाएलगत्तै मेला लगाउने परम्परा छ। यसपाली भने चुनावले मेला पछाडि धकेलियो। शनिबारदेखि मेला चलिरहेको पौँदीन्वागी मेला तथा संस्कृति संरक्षण समितिका अध्यक्ष कलाधर घिमिरेले जानकारी दिनुभयो।"न्वागी खाएको दिनदेखि नै मेला सुरु गर्ने तयारी भए पनि चुनावका कारण केही दिनपछि सार्नुपर्‍यो", उहाँले भन्नुभयो, "न्वागी पौँदी क्षेत्रको एतिहासिक पर्व हो, यसको परम्परा जोगियोस् भनेर मेलालाई संस्थागत रुप दिएका छौँ।" बागलुङ-गुल्मी सीमामा पर्ने पौँदी क्षेत्रमा सयौँ वर्षदेखि न्वागी पर्व मनाइँदै आएको छ। मङ्सिर १ देखि ७ गतेभित्रमा ज्योतिषले निकालेको शुभमूहर्त अनुसार न्वागी खाने चलन रहेको अध्यक्ष घिमिरेले बताउनुभयो। त्यसपछि दुई/तीन दिनसम्मै न्वागी खाने गरिएको उहाँको भनाइ छ। गुल्मीको मुसिकोट नगरपालिकाको नेटा, पौँदीअमराई, इस्मा र बागलुङको बडिगाड गाउँपालिकाको ग्वालीचौर, जलजला र दगामा एकै समयमा न्वागी खाने पर्व सुरु हुन्छ। पहिले नेपालमा टुक्रे राज्य हुँदा यी क्षेत्र इस्मा राज्यमा पर्थे। कर्णाली राज्य टुक्रिएर १५औँ शताब्दीतिर इस्मा राज्यअन्तर्गत परेपछि पौँदी क्षेत्रमा न्वागी खाने पर्व सुरु भएको कथन छ। "एकिन र लिखित इतिहास त छैन, तर यो पर्व सयौँ वर्षदेखि चल्दै आएको हो", अध्यक्ष घिमिरेले भन्नुभयो, "पौँदी क्षेत्रमा धान खेती धेरै हुने भएकाले तत्कालीन राजा/रजौटाले न्वागीको परम्परा बसालेको हुनुपर्छ।" स्थानीयवासीको भनाइमा तत्कालीन इस्मा राज्यका राजाले सय मुरी धान फल्ने खेतको गुठी बनाएका थिए। छत्रुगुठीका रुपमा रहेको उक्त खेतमा उब्जाउ भएको धानलाई भित्राएपछि पहिलो परिकारस्वरुप न्वागी बनाएर खाने प्रचलनको सुरुआत भएको मानिन्छ। पछि त्यस क्षेत्रका सबै बासिन्दाले धानबाली स्याहारेपछि न्वागी खाने संस्कार बसालेका हुन्। आफन्त, इष्टमित्रलाईसमेत घरमा निम्ता गरेर न्वागी खुवाउने चलन रहेको छ। पाहुनालाई सुरुमा न्वागी चखाएपछि नयाँ चामलकै भात र अन्य परिकार खुवाउने गरिन्छ। धान खेत नभएकाले पनि न्वागी खाएर पर्व मनाउँछन्। न्वागी खाएपछि मात्र नयाँ चामल प्रयोगमा ल्याउन पाइने मान्यता छ। समितिका सचिव विष्णुप्रसाद आचार्यका अनुसार पहिले पहिले त्यस क्षेत्रकै ठूलो मेलाका रुपमा पौँदीको न्वागी मेलालाई लिइन्थ्यो। मेला भर्न बागलुङ र गुल्मीका गाउँगाउँबाट मानिस पौँदी झर्थे। पछिल्लो समय बडिगाड गाउँपालिका-५ ग्वालीचौरमा मेला लाग्दै आएको छ। समयानुकूल मेलाकोस्वरुप फेरिँदै आए पनि स्थानीयवासी अझैपनि मौलिकता जोगाउन लागिपरेका छन्। खेल, कला, संस्कृतिको उत्थान र व्यापार प्रवर्द्धनमा मेलाले टेवा पुर्‍याइरहेको आयोजकको भनाइ छ। लोकभजन, सोरठी, दोहोरी, सराय, लाखे नाचलगायत पम्परागत संस्कृति झल्काउने नाच र झाँकी यसपालिको मेलाका आकर्षण हुन्। दर्शक तान्न भलिबल जस्ता लोकप्रिय खेलदेखि राष्ट्रिय कलाकारको साङ्गीतिक प्रस्तुतिलाई पनि जोडिएको छ। कृषि प्रदर्शनीसहित प्रतियोगितात्मक खेलकूद तथा मनोरञ्जनात्मक कार्यक्रमलाई मेलामा समेटिएको छ। मेला शुक्रबारसम्म चल्नेछ।

# एमसिसीको सहयोगमा निर्माण हुने प्रसारण लाइनका लागि बोलपत्र

**रासस**
**काठमाडौं, १२ मंसिर**

अमेरिकी सहयोग परियोजना एमसिसीले प्रसारण लाइन निर्माणका लागि आज विश्वव्यापी बोलपत्र आह्वान गरेको छ।

एमसिए नेपालले तीन सय १५ किलोमिटर लामो चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि बोलपत्र आह्वान गरेको हो। एमसिए नेपालले तीन वटा समूहमा विभाजन गरेर बोलपत्र सार्वजनिक गरेको छ। लप्सीफेदी-रातमाटे-न्यू हेटौँडा एक सय १७ किलोमिटर लामो प्रसारण लाइन चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण हुनेछ। त्यस्तै, रातमाटे-न्यू दमौली ९० किलोमिटर लामो चार सय केभी र न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन ९० किलोमिटर लामो र नेपाल भारत अन्तरदेशीय प्रसारण लाइनको खण्डको कूल १८ किलोमिटर लामो प्रसारण लाइनसमेत यसैमा समेटिएको छ।

सोमबार सार्वजनिक भएको सूचनाअनुसार आगामी चैत १३ गतेसम्म आवेदन दिन पाइने व्यवस्था छ। नेपालको प्रसारण प्रणालीको विकास तथा सडक निर्माणका लागि अमेरिकाले अनुदान सहयोग उपलब्ध गराएको छ। एमसिसीले कूल ५० करोड डलर र नेपाल सरकारकातर्फबाट १३ करोड डलर सो परियोजनाका लागि उपलब्ध हुनेछ। आयोजना निर्माण आगामी अगस्टदेखि गणना हुनेगरी पाँचवर्षे अवधि प्रारम्भ हुनेछ।

एमसिसीले पाँच वर्षे अवधिमा सम्पन्न गर्नेगरी परियोजना अगाडि बढाउन लागिएको छ। लामो रस्साकस्सीपछि गत फागुनमा नेपाल सरकार र एमसिसीबीच भएको सम्झौता सङ्घीय संसद्ले अनुमोदन गरेको थियो।